# भाग ३

## नेपाल सरकार

## भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको

## सूचना

### संवत् २०८३ सालको आदेश (नेराप) नम्बर २

### झापा जिल्ला, गौरादह नगरपालिका वडा नं. ४ र ५ अन्तर्गतको जग्गा दर्ता सम्बन्धी (तेस्रो संशोधन), आदेश, २०८३

झापा जिल्ला, गौरादह नगरपालिका वडा नं. ४ र ५ अन्तर्गतको जग्गा दर्ता सम्बन्धी आदेश, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

जग्गा (नाप जाँच) ऐन,२०१९ को दफा ११ख. ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "झापा जिल्ला, गौरादह नगरपालिका वडा नं. ४ र ५ अन्तर्गतको जग्गा दर्ता सम्बन्धी (तेस्रो संशोधन) आदेश, २०८३" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **झापा जिल्ला, गौरादह नगरपालिका वडा नं. ४ र ५ अन्तर्गतको जग्गा दर्ता सम्बन्धी आदेश, २०८१ को दफा १२ मा संशोधन** : झापा जिल्ला, गौरादह नगरपालिका वडा नं. ४ र ५ अन्तर्गतको जग्गा दर्ता सम्बन्धी आदेश, २०८१ को



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दफा १२ मा रहेका “संवत् २०८३ असार मसान्तसम्म” भन्ने शब्दहरूको सट्टा “संवत् २०८३ साल फागुन मसान्तसम्म” भन्ने शब्दहरू राखिएका छन्।

**आज्ञाले,**
**मदन भुजेल**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।